## आ.व.२०८२।८३ को चौथो कार्यपालिका बैठक

आज मिति २०८२।०६।३१ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २ | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३ | सदस्य ( वडा नं. १ अध्यक्ष ) | श्री गेमे खड्का | |
| ४ | सदस्य ( वडा नं. २ अध्यक्ष ) | श्री पहलवान चौधरी | |
| ५ | सदस्य ( वडा नं. ३ अध्यक्ष ) | श्री उमेश अधिकारी | |
| ६ | सदस्य ( वडा नं. ४ अध्यक्ष ) | श्री विर वहादुर चौधरी | |
| ७ | सदस्य ( वडा नं. ५ अध्यक्ष ) | श्री देव प्रसाद चौधरी | |
| ८ | सदस्य ( वडा नं. ६ अध्यक्ष ) | श्री दीपक कुमार चौधरी | |
| ९ | सदस्य ( वडा नं. ७ अध्यक्ष ) | श्री सिताराम चौधरी | |
| १० | सदस्य ( वडा नं. ८ अध्यक्ष ) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११ | सदस्य ( वडा नं. ९ अध्यक्ष ) | श्री रिम वहादुर सुनारी मगर | |
| १२ | सदस्य | श्री पार्वती सुवेदी | |
| १३ | सदस्य | श्री चम्फा भुसाल | |
| १४ | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५ | सदस्य | श्री गिता चौधरी | |
| १६ | सदस्य | श्री सावित्री चौधरी | |
| १७ | सदस्य | श्री संजिव परियार | |
| १८ | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९ | लेखा भण्डारी | वरिष्ठ लेखा अधिकृत | |
| २० | विकास ज्ञवाली | प्रशासकीय अधिकृत | |
| २१ | दामोदर आचार्य | प. वि. अ | |
| २२ | | | |
| २३ | | | |

राप्ती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ४
मिति २०८२।०६।३१

**मिति २०८२।०६।३१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा पेश भएका प्रस्तावहरु**

१- प्रदेश समपुरक तर्फको मसुरिया देखि खुरुरिया जाने बाटोमा सानो नदिमा पक्कि पुल योजनाको स्रोत सुनिश्चित सम्बन्धमा।

२- क्रसर उद्योग स्थापनाको निवेदन सम्बन्धमा।

३- भैलो महोत्सवका लागि वजेट व्यवस्था

४- विविध

- नागरिक आरोग्य केन्द्रमा कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा।
- क्रिकेट खेल संचालन सम्बन्धमा।
- घर तथा टहराको मूल्याङ्कन दररेट सम्बन्धमा।
- राप्ती चेम्बर्स अफ कमर्सको महोत्सव सञ्चालन अनुमति सम्बन्धमा।
- अध्ययन भ्रमण स्विकृति सम्बन्धमा।
- रैथाने बाली प्रवर्द्धन सम्बन्धमा।
- म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ४
मिति २०८२।०६।३१

**मिति २०८२।०६।३१ गते राप्ती गाउँकार्यपालिकाका अध्यक्ष प्रकाश विष्टज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकका निर्णयहरु ।**

**निर्णय नं.१**- राप्ती गाउँपालिकाको आ.व. २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत प्रदेश समपुरक तर्फको मसुरिया देखि खुरुरिया जाने बाटोमा सानो नदिमा पक्की पुल योजनाको स्थलगत अध्ययन गरी लागत अनुमान बमोजिमको ठेक्का आव्हान गर्ने सम्बन्धमा निर्क्यौल गर्ने ।

**निर्णय नं.२**- सि.जी. एग्रीगेट क्रसर क्रसर उद्योग प्रा.लि. उद्योग प्रा.लि., राप्ती गा.पा. ३ दाङले क्रसर उद्योग दर्ता सम्बन्धमा प्राप्त निवेदन उपर छलफल गर्दा सो सम्बन्धी कानुनी व्यवस्था, वातावरणीय अवस्था, आवश्यकता तथा औचित्यता सम्बन्धमा अध्ययन विश्लेषण गरी कार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्ने ।

**समिति**

श्री विर बहादुर चौधरी, ४ नं. वडाध्यक्ष, संयोजक
श्री पहलमान चौधरी, २ नं. वडाध्यक्ष, सदस्य
श्री उमेश अधिकारी, ३ नं. वडाध्यक्ष, सदस्य
श्री अशोक बेल्वासे, ईन्जिनियर, सदस्य
श्री रेशमराज अधिकारी, वरिष्ठ लेखा सहायक, सदस्य सचिव

**निर्णय नं.३** - राप्ती गापाद्धारा मिति २०८२।०७।१४ गते स्थानीय खाद्य परिकार प्रदर्शनी तथा देउसी भैलो महोत्सव, २०८२ आयोजना गर्ने । उक्त कार्यक्रम व्यवस्थापनका लागि राप्ती गाउँपालिकाको आ.व. २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत धार्मिक, साँस्कृतिक सम्पदा संरक्षण दिवस, जात्रा, पर्व स्थानीय धर्म संस्कृति संरक्षण खर्चमा विनियोजित रु १५ लाख मध्येबाट खर्च गर्ने । साथै "स्थानीय खाद्य परिकार प्रदर्शनी तथा देउसी भैलो महोत्सव, २०८२" मा सहभागी संघ/संस्था, व्यक्तिको स्टल व्यवस्थापन, टेन्ट व्यवस्थापन र यातायात खर्च वेस संस्थाले उपलब्ध गराउने ।

**निर्णय नं.४** - नागरिक आरोग्य केन्द्र, राप्ती गापा २ दाङमा कार्यालय सहयोगी पदमा कार्यरत श्री बालिका के.सी. पौडेललाई २०८२ साल श्रावण ०१ देखि लागु हुने गरी मासिक रु १९५५०/- पारिश्रमिक सुविधा प्रदान गर्ने गरी करार सम्झौता नविकरण गर्ने ।

**निर्णय नं.५** – राप्ती गापा २ मा क्रिकेट खेल सञ्चालनका लागि लागि राप्ती गाउँपालिकाको आ.व. २०८२।८३ को स्विकृत वार्षिक कार्यक्रम अन्तरगत खेल सहभागिता,खेलकुद क्षेत्रसंग सहकार्य र खेलकुद शिर्षकबाट श्री राप्तीद्धार क्रिकेट फाउन्डेसन राप्ती गापा १ दाङलाई रु १ लाख उपलब्ध गराउने ।

आ.व. २०८२।८३
बैठक नं. ४
मिति २०८२।०६।३१

**निर्णय नं. ६**- राप्ती गाउँपालिका क्षेत्र भित्र निर्माण भएका घर टहराको (मालपोत राजस्व प्रयोजनार्थ) देहाय बमोजिम दररेट कायम गरी मूल्याङ्कन गर्ने ।

| क्र.सं. | घर टहरा विवरण | प्रति वर्ग फिट कायम रु | कैफियत |
|---|---|---|---|
| १ | पक्की घर टायल मार्वल सहितको सुविधा सम्पन्न | २२००/- | |
| २ | पक्की घर सामान्य | १५००/- | |
| ३ | टिनको टहरा | ५००/- | |

**निर्णय नं.७**- राप्ती आधारभुत अस्पतालमा कार्यरत मेडिकल अधिकृत डा. रन्जीत घिमिरे ( नेपाल मेडिकल काउन्सिल दर्ता नं. ३६८८५) लाई बेलायतको अक्सफोर्ड विश्वविद्यालय अन्तरगत 'नफिल्ड डिपार्टमेन्ट अफ क्लिनिकल मेडिसिन' मा सञ्चालन हुने मेडिकल ईलेक्टिभ प्रोग्राममा छनौट भएकोले नीजको मिति २०८२।०७।०५ देखि २०८२।०९।२३ सम्म जम्मा ७९ दिनको नियमानुसार विदा (अध्ययन भ्रमण प्रयोजनार्थ) स्विकृत गर्ने ।

**निर्णय नं.८** राप्ती गा.पा. कृषि विकास शाखा आ.व. २०८२।०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत रैथाने बाली प्रवर्द्धन कार्यक्रमको संचालनको लागि मिति २०८२।०५।२२ गते प्रकाशन गरिएको सूचना बमोजिम विभिन्न वडावाट ११ जना कृषकहरुको निवेदन प्राप्त भई लुम्बिनी प्रदेश कृषि भूमी व्यवस्था तथा सहकारी मन्त्रालयको स्थानीय तहमा शसर्त वित्तिय हस्तान्तरित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम संचालन कार्यविधि २०८१ अनुसारका मापदण्ड पुरा भएका तपसिल बमोजिमका कृषकहरुलाई छनौट गर्ने । छनौट भएका कृषकलाई जौ तथा फापर खेती गर्न आवश्यक पर्ने विउ, प्राङ्गारिक मल तथा सुक्ष्म खाद्यतत्व खरिदको विल पश्चात सतप्रतिशत प्रतिकठ्ठा अधिकतम रु २५००।- का दरले अनुदान प्रदान गर्ने ।

| क्र.स. | कृषकको नामथर | ठेगाना | मापदण्ड (क्षेत्रफल कठ्ठामा) | निवेदनमा(क्षेत्रफल कठ्ठामा) | बालीको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | यमराज भण्डारी | राप्ती-२ | १.५ | ३ | जौ | |
| २ | डिले गाहा मगर | राप्ती-२ | १.५ | ४ | जौ | |
| ३ | तिर्थराज ज्ञवाली | राप्ती-५ | १.५ | ५ | जौ | |
| ४ | उदयराम चौधरी | राप्ती-५ | १.५ | ५ | जौ | |
| ५ | नरमती देवि भण्डारी | राप्ती-५ | १.५ | १.५ १.५ | जौ, फापर | |
| ६ | माधव प्रसाद प्रोख्रेल | राप्ती-५ | १.५ | १.५ | जौ | |
| ७ | कुल प्रसाद पौडेल | राप्ती-५ | १.५ | १.५ १.५ | जौ, फापर | |

राप्ती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मसुरिया देउखुरी, दाङ
लुम्बिनी प्रदेश, नेपाल

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत

आ.व. २०८२।८३
बैठक नं. ४
मिति २०८२।०६।३१

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | किसन प्रसाद चौधरी | राप्ती-५ | १.५ | १.५ | जौ | |
| ९ | सुन्दर बाबु नेपाली | राप्ती-३ | १.५ | १.५ | जौ | |
| १० | शेषमणि भट्टराई | राप्ती-५ | १.५ | १.५ | फापर | |
| | जम्मा | | | जौ २५.० कठ्ठा<br>फापर ४.५ कठ्ठा | | |

**निर्णय नं.९-** राप्ती गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८२।०६।०८ गतेको कार्यपालिकाको बैठकको निर्णय नं. १५ मा निर्णय भएको अलावा राप्ती गापा भित्रका सडकहरु अति आवश्यक सडकहरु मर्मत सम्भार गरी संचालनमा ल्याउन तपशिल बमोजिमको थप समयसम्म व्याक्होलोडर सञ्चालन गर्ने र सो को भुक्तानी पालिका अन्तरगत विभिन्न सडक/बाटो मर्मत सुधार शिर्षकबाट दिने।

- वडा नं.५ – २० घण्टा
- वडा नं. ४ – ५ घण्टा
- वडा नं. १ – ५ घण्टा
- वडा नं. २ – २० घण्टा
- वडा नं. ९ – ३० घण्टा

**निर्णय नं. १०-** राप्ती गाउँपालिकाको आ.व. २०८२।८३ को संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) तर्फको म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागि बजेट विनियोजन भएको, उक्त कार्यक्रममा संचालनका लागि आ.व. २०८२।८३ मा स्थानीय तहबाट संचालन गरिने स्वास्थ्य तर्फका शसर्त अनुदान अन्तरगतका कृयाकलापहरु संचालन सम्बन्धी मार्गदर्शनमा एक स्थानीय तह एक जनस्वास्थ्य अधिकृतको परिचालन गर्ने व्यवस्था भएकोमा यस गाउँपालिकामा सोही पदका लागि समेत योग्यता पुग्ने गरी गत आ.व.मा नियुक्त हुनुभएका क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक श्री प्रतिमा विष्टलाई सोही प्रयोजनको कामकाजमा समेत खटाई म स्वास्थ्य मेरो समुदाय स्वास्थ्य घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम शिर्षकबाट तलव भत्ता,पारिश्रमिक लगायत सेवा सुविधा प्रदान गर्ने।

देविराम पाठक
प्रमुख प्रशासकीय अधिकृत